कृषि तथा वन विज्ञान विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
रामपुर, चितवन

फोन नं.०५६-५९२४०४

प.नि.का.च.नं.......................२०७४/०७५

मिति:२०७४।०४।१५

# परीक्षा आवेदन फारम भर्ने सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालयको कृषि संकाय अर्न्तगत शैक्षिक सत्र २०७२।०७३ र शैक्षिक सत्र २०७३।०७४ मा संचालित B.Sc.Ag. मा भर्ना भई क्रमश: तृतीय सेमेष्टर र प्रथम सेमेष्टर र पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अर्न्तगत शैक्षिक सत्र २०७३।०७४ मा संचालित **B.V.Sc. & A.H. र B.Sc. Fisheries मा भर्ना भई प्रथम सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरुले उक्त सेमेष्टरहरुको नियमित परीक्षामा सम्मिलित** हुन **२०७४ साल श्रावण १७ गते देखि श्रावण २७ गते** सम्म नियमित शुल्क र तत्पश्चात **२०७४ साल श्रावण २९ गते देखि श्रावण ३२ गते सम्म विलम्व शुल्कमा** परीक्षा आवेदन फारम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय / कलेजमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फारम सम्बन्धित संकाय / कलेजवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फारममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फारममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फारम शुल्क रु १००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फारम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७४ साल श्रावण २९ गते | रु. ३००।- |
| २०७४ साल श्रावण ३१ गते | रु. ५००।- |
| २०७४ साल श्रावण ३२ गते | रु. ११००।- |

३. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फारममा सम्बन्धित संकाय / कलेजले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकाय / कलेजबाट उपलब्ध हुनेछ।

५. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला ।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिने छ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.................................
प्रा.नारायण राज जोशी
परीक्षा नियन्त्रक

वेभसाइट : www.afu.edu.np सम्पर्क कार्यालय फोन नं. ०१-४१०६२४७, फ्याक्स नं. ०१-४१०६२२४८ पो.व.नं. १३७१२ विनायक, ध्रुवमार्ग, मीनभवन, काठमान्डौ ।